म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१७ शुक्रबार १५ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 30 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तरुण दल केन्द्रमा मकवानपुरका तीन जना

हेटौंडा, १४ असार/नेपाली कांग्रेसको भातृ संगठन नेपाल तरुण दल केन्द्रीय तदर्थ कार्यसमितिको सदस्यमा मकवानपुरका तिन जना मनोनित भएका छन् । मकवानपुरबाट सुनिल दाहाल, राजेश भेटवाल र गोपी दाहाल तदर्थ समितिको सदस्यमा मनोनित भएका हुन् । मकवानपुरमा तरुण दलको प्रभाव विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याएका तीन जनासहित गत २०७८ साल चैत ९ गते विद्वान गुरुङलाई तरुण दलको अध्यक्ष तोकेको नेपाली कांग्रेसले बुधबार सातै प्रदेशबाट सदस्यहरु मनोनयन गरेको हो । बागमती प्रदेशबाट १ सय ७ जना सदस्यमा मनोनित भएका छन । नेपाली कांग्रेसका कार्यवाहक मुख्य सचिव डा. प्रदीप पराजुलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले तरुण दल केन्द्रीय तदर्थ कार्यसमितिको सदस्यमा मनोनयन गरेका ४ सय जनाको नामावली सार्वजनिक गरेका थिए । पार्टीभित्रको गुट उपगुट मिलाउँदा तरुण दलको जम्बो तदर्थ समिति बनेको जनाइएको छ । आन्तरिक गुटबन्दीका कारण तरुण दलसहित कांग्रेसका भातृ संस्थाहरुले लामो समयदेखि महाधिवेशन गर्न सकेका छैनन् । तरुण दलको महाधिवेशन निकट भविष्यमै गर्ने तयारी छ ।

### मनहरी गाउँपालिकाको एकवर्षे प्रगति समीक्षा

# झण्डै १० हजार मिटर नयाँ ट्र्याक, ५ हजार स्ल्याब ढलान

प्रतिक्षा न्यौपाने

हेटौंडा, १४ असार/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकाले चालू आर्थिक वर्ष २०७९/८० को १० असारसम्म सडकको १० मिटर नयाँ ट्र्याक निर्माण गरेको छ ।

जिल्लाका ८ स्थानीय तहमध्ये सबैभन्दा बलियो आर्थिक स्रोत भएको गाउँपालिकाको रुपमा रहेको मनहरीले पूर्वाधारतर्फ सडक निर्माणमा धेरै काम नयाँ ट्र्याक खोल्न गरेको पाइएको छ । सडक निर्माणमा स्ल्याब ढलान, ग्राभेल बाटो निर्माण, कालोपत्रे र नयाँ ट्र्याक खोलिएको हो । सबै विकासका क्षेत्रसँग जोडिन सडक निर्माणलाई सबै स्थानीय तहले प्राथमिकतामा राखेका छन् । मनहरीले पनि सडक निर्माणलाई प्राथमिकता दिँदै गत साउनदेखि १० असारसम्म सडकका चारै क्षेत्रमा प्राथमिकताका साथ काम गरेको हो ।

बिहीवार गाउँपालिका कार्यालयमा भएको जिल्लाका सञ्चार कर्मीसँग अन्तरक्रिया गर्दै प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले गाउँपालिकाबाट चालू आवको १० असारसम्म सम्पन्न योजनाको विस्तृत जानकारी दिएका थिए । उनकाअनुसार गाउँपालिकाले ५ हजार १ सय ९७ मिटर स्ल्याब ढलान गरेको छ । ग्राभेल बाटो निर्माण ४ हजार २ सय १७ मिटर भएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले बताए । उनले नयाँ ट्र्याक ९ हजार ५ सय ४७ मिटर थप भएको बताए । १ हजार ४ सय ५० मिटर सडक कालोपत्रे निर्माण गरिएको छ ।



गाउँपालिका कार्यालयले रिटेनिङ् वाल २ हजार ९ सय ७० मिटर, पक्की नाला निर्माण ५ सय ४६ मिटर, ग्याविन डयाम निर्माण ३ सय ५० मिटर, खानेपानी पाइपलाइन विस्तार ३ हजार २ सय मिटर, ट्युवेल घारा ५७ वटा, सार्वजनिक भवन र मर्मत सम्भार १५ वटा, कलर्भट तथा पुल निर्माण १० वटा, कक्पाउण्ड, तारजाली र काँडेतार ६ सय मिटर, घरनक्सा अभिलेखीकरण १ सय ५४ वटा, नयाँ घर नक्सा पास ८ वटा र १ सय ५४ कित्ता जग्गा नापी गरिएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिए ।

आर्थिक प्रशासन शाखाको तथ्यांकअनुसार गाउँपालिकाले चालू आवका लागि १ अर्ब ६४ लाख २५ हजार ७ सय ९ बजेट बिनियोजन गरेको थियो । १० असार सम्म पालिकाले ८३ करोड ३९ लाख ८६ हजार ३ सय ५१ अर्थात ८३ प्रतिशत आम्दानी गरेको जानकारी दिएको छ । खर्च ५६ करोड २८ लाख १२ हजार ५ सय ४९ रुपैयाँ अर्थात ५६ प्रतिशत गरेको जनाइएको छ । चालूतर्फ ३१ करोड ९३ लाख ४६ हजार ३६ अर्थात ६४ प्रतिशत र पुँजीगततर्फ २४ करोड ३४ लाख ६६ हजार ५ सय १३ अर्थात ४८ प्रतिशत बजेट खर्च भएको प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले जनाए । भौतिक पूर्वाधारको क्षेत्रमा २९ करोड ९२ लाख ५१ हजार बजेट बिनियोजन गरेर काम गरेको थियो ।

श्रेष्ठले शिक्षातपर्फ बिनियोजित बजेट खर्च ८० प्रतिशत भएको बताए । कुल योजना २ सय ७४ वटामध्ये २ सय ५५ वटा सम्झौता भइसकेको गाउँपालिकाले जनाएको छ । पूर्वाधार शाखातर्फ ठेक्कामा सञ्चालित योजनाहरु कतिपय सम्पन्न भइसकेको बताउँदै श्रेष्ठले भने खानेपानीका कामहरु तीव्र गतिमा भइरहेको बताए । वडातहमा हुने स्वास्थ्य ईकाइका भवनहरु निर्माणको अन्तिम चरणमा रहेका छन् । १५ शैयाको मनहरी अस्पताल संघीय सर्शत बजेट रहेको तर, जग्गा प्राप्त नभएकाले कार्य अगाडि बढाउन नसकिएको जनाइएको छ ।

स्वास्थ्य क्षेत्रमा ओपिडी सेवा विस्तार मनहरी अस्पतालमा गरिएको भन्दै श्रेष्ठले भने गर्भवती, विद्यालय छात्रा, जेष्ठ नागरिक लक्षित स्वास्थ्य कार्यक्रम, आँखा सम्बन्धी कार्यक्रम, सुत्केरी भेटघाट कार्यक्रमहरु गर्दै आइरहेको बताए । प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले आर्थिक प्रशासनतर्फ गाउँपालिकालाई हालसम्म ८३ प्रतिशत कुल आम्दानी भएको बताए । उनले सामाजिक विकास शाखाअन्तर्गत भएका विभिन्न बालबालिका तथा महिला लक्षित कार्यक्रमको विवरण समेत प्रस्तुत गरेका थिए । कार्यक्रममा वडा नम्बर ३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, वडा नम्बर ९ का वडाअध्यक्ष राजकुमार श्रेष्ठले आफ्नो वडामा भएका विकास, सुशासन र विभिन्न विषयगत प्रगतिबारे जानकारी गराएका थिए ।

### मनहरी भ्रष्टाचारमुक्त बनाउँछौं: कालाखेती

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले गाउँपालिकालाई भ्रष्टाचारमुक्त बनाउने प्रतिबद्धता जनाएका छन् । नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजना तथा गाउँपालिका कार्यालयको सहकार्यमा भएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले भ्रष्टाचार र अनियमितताप्रति आफू निकै सचेत रहेको भन्दै गाउँपालिकालाई भ्रष्टाचारमुक्त बनाइने प्रतिवद्धता जनाए ।

अध्यक्ष कालाखेतीले गाउँपालिकाको केही कमी कमजोरीहरु भए औंल्याइदिन आग्रह गर्दै सच्चिएर अघि बढ्न तयार रहेको बताए । आफ्नो कार्यकालमा राम्रो काम गर्न प्रयत्न गर्ने र नराम्रो काम गर्न नदिने उनले बताए । कर्मचारीले घुस लिएको, भ्रष्टाचार गरेको फेला परेमा ठाउँकोठाउँ कारबाही गर्ने बताएका छन् । केही समय अघि एक कर्मचारीलाई कारबाही गरिएको पनि उनले उल्लेख गरेका थिए ।

आफू पत्रकारिता क्षेत्रको प्रवर्द्धन र विकास गर्न सकारात्मक रहेको उनले बताए । स्वरोजगार मुलक मिडियाहरुको प्रवर्द्धनमा ध्यान दिने उनको भनाई छ । पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, जिल्ला उपाध्यक्ष ध्रुव अधिकारीले आफ्नो भनाई राखेका थिए ।

# सबै स्थानीय तहमा विरुवा रोपियो



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ छैठौं राष्ट्रिय वृक्षरोपण दिवसको अवसरमा मकवानपुरका सबै स्थानीय तहमा वृक्षरोपण कार्यक्रम भएका छन् ।

जिल्लाका सबै सवडिभिजन वन कार्यालयमार्फत वृक्षरोपण कार्यक्रम भएको छ । हर्नामाडी, मनहरीलगायत जिल्लाका विभिन्न स्थानमा औपचारिक कार्यक्रमसहित विरुवा रोप्ने कार्य भएको छ । सव डिभिजन वन कार्यालय, हर्नामाडीको कार्यालय परिसरमा बिहीवार विभिन्न प्रकारका वृक्षरोपण गरिएको छ ।

बागमती प्रदेश वन तथा वातावरण मन्त्री मसिना खड्काले अशोक वृक्षरोपण गरी कार्यक्रमको शुभारम्भ गरेकी थिइन् । रोपिएका विरुवाको संरक्षण गरी वातावरण सफा गर्न आग्रह गर्दै मन्त्री खड्काले वनको माध्यमबाट देशलाई समृद्ध बनाउन सकिने बताइन । वनको सहि सदुपयोग गर्न सके यसबाट मनग्गे आम्दानी हुने र यसले स्थानीय जनताको समेत आर्थिक विकास गर्न सकिने मन्त्री खड्काले बताएकी छन् ।

कार्यक्रममा प्रदेश सचिव यज्ञराज दाहाल, डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख शिव सापकोटा, डिभिजन वन कार्यालय, राप्तीका प्रमुख विष्णुप्रसाद आचार्य, सव डिभिजन वन कार्यालय, हर्नामाडीकी प्रमुख सविना रिजाल, सहायक वन अधिकृत दीपक पुडासैनी, बसन्तराज गौतम, वनका कर्मचारी, स्थानीयलगायतको सहभागिता थियो । कार्यक्रममा सीता अशोक, धुपी, मेङगो स्टिक, अम्वा लगायतका विरुवारोपण गरिएको थियो । यसैगरी दिवसकै अवसरमा सव डिभिजन वन कार्यालय, हेटौंडाले पनि वृक्षरोपण गरेको छ । हेटौंडा-१५ मा रहेको रातोमाटे सामुदायिक वन उपभोक्ता समूहको वनजङगलमा विभिन्न प्रकारको विरुवारोपण गरिएको छ ।

कार्यक्रममा अमला, टाकी, सतिसाल, पारिजात, तेजपात, रिठ्ठा, गोलमोहर, कल्की फूल, वीरेन्द्रफूल, कपुर लगायतका विरुवारोपण गरिएको सव डिभिजन वन कार्यालय, हेटौंडाका फरेष्टर यदुकुमार घिमिरेले जानकारी दिए । सव डिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख रामचन्द्र श्रेष्ठको प्रमुख आतिथ्यता एवम् रातोमाटे सामुदायिक वनका अध्यक्ष इश्वर पाखिनको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

मनहरी गाउँपालिका-७, स्थित बुद्धशान्ति हरित पार्कमा वृक्षरोपण गरिएको छ । मनकामना सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालय राप्तीसँग समन्वय गरी चिउरी, सतिसाल लगायतका विरुवा रोपेको हो । वृक्षरोपण कार्यक्रममा स्थानीय उपभोक्ताहरु, वन समूहका पदाधिकारीहरु, सवडिभिजन वन कार्यालयका कर्मचारीहरु, युनिभर्सल लर्निङ एकेडेमीका विद्यार्थी तथा शिक्षकहरुको बाक्लो उपस्थिति थियो । वृक्षरोपण समारोहलाई सम्बोधन गर्दै मनहरी गाउँपालिका-७ का वडाध्यक्ष नवराज सुवेदीले वन, वातावरण जोगाउनका लागि वृक्षरोपण कार्यले ठूलो भूमिका खेल्ने बताए । ६ बर्षअघि निर्माण थालिएको बुद्धशान्ति पार्कमा बुद्धको मूर्ति स्थापित छ भने गोलघरहरु बनेका छन् ।


सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

गोदमघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क : ९८०२५३०३०३




सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# धान दिवस मनाउने, चामल भारतबाट किन्ने ?

असार १५ लाई नेपाली समाजमा परम्परादेखि नै दहीच्यूरा खाने पर्वको रुपमा लिइन्छ । चर्को गर्मीबाट शरीरलाई केही राहतपूर्वक अवतरण गर्नका लागि दहीच्युराको महत्व र उपयोगिता निकै बैज्ञानिक मानिन्छ । बैशाख जेठको भूर्तकालमा हाम्रो शरीरले चर्को गर्मीको प्रभाव बेहोरेको हुन्छ र त्यही गर्मीको असरलाई न्यूनीरकण गर्नका लागि दहीच्युराको महत्व छ । असार भन्ने बित्तिकै किसानका लागि मानो रोपेर मुरी फलाउने महिना हो । अर्थात् असारमासको चटारोले किसानलाई सबैकुरा बिर्साएको हुन्छ । कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि पनि दहीच्यूरा खान्छन् । खेतीपाती बाहेक अन्य पेशा र व्यवसायमा लागेकाले पनि दहीच्यूरा खाएर असार १५ मनाउँछन् । दहीच्यूराले शरीर शीतल भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ ।

पछिल्लो दुई दसकदेखि असार १५ लाई दहीच्युराको पर्वमा मात्र सीमित नगराई राष्ट्रिय धान दिवसको रुपमा पनि मनाउन थालिएको छ । वि.सं. २०६१ मंसीर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो । कृषि प्रधान देश भएकाले नेपालका अधिकांश मानिसको पेशा खेतीपाती हो । किसान वर्षभरका लागि छाक जुटाउन यो महीना खेतीमा व्यस्त हुन्छन् । आजका दिन असारे भाकामा लोकलयका गीत गाउँदै धान रोप्ने र हिलो छ्यापाछ्याप गरेर र माइलो गर्ने चलन छ । असारमा एकपटक हिलोमा पस्नै पर्ने मान्यता पनि नेपाली समाजमा रहेको छ । पोखरामा धान दिवसकै अवसरमा विदेशीहरु पनि खेतमा हिलो खेल्न जाने गरेका छन् । धान दिवसलाई केवल दिवसको रुपमा मात्र सीमित गर्नु हुँदैन । ८० प्रतिशत नागरिक कृषि पेशामा आश्रृत भएको देशमा खाद्यान्न विदेशबाट खरिद गर्नु परि रहेको छ । अष्ट्रेलियाबाट रहरको दाल, भारतबाट चामल आयात नगर्ने हो भने २५ प्रतिशत नेपालीको भान्सामा दालभात पाक्न मुस्किल छ । राष्ट्रिय धान दिवसले यो बिषयमा परिबर्तन गर्नै पर्छ । आज आृनो खेतमा धान रोपेर आृनै धानको भात खाने किसानलाई समाजले हेर्ने दृष्ट्रिकोण ज्यादै कमजोर बनेको छ । उत्पादन गर्नेलाई भन्दा बजारमा भारतीय ब्राण्डका चामल किनेर खानेलाई ईज्जतदार मान्ने परिपाटीले हाम्रा ग्रामीण क्षेत्रका खेत बाँझै बन्न पुगेका छन् । सहरी क्षेत्रका खेत जति सबै प्लटिङ भएर सकिए । एक दसकअधिसम्म धान फल्ने खेतमा अहिले कंक्रिट फलेको छ । सहरी क्षेत्रको खेत प्लटिङ गरेर सकियो । ग्रामीण क्षेत्रको खेत बाँझै छ । अनि हामीले दिल्लीगेट मन्सुली र लालकिल्ला मन्सुलीको बोरा भान्सामा उतार्नुको बिकल्प छैन । तीनै तहका सरकाले यो बिषयमा गंभीरतापूर्वक कार्यक्रम ल्याउन सकेका छैनन् । किसानलाई दिने अनुदान टाठाबाठाको कागजमा बनाएको नक्कली प्रमाणलाई हेरेर दिइन्छ । वास्तबिक किसानले अनुदान दाबी गर्न उसँग कागजी प्रमाण पुऱ्याउने क्षमता राख्दैनन् । सुकिलामुकिला नक्कली किसानका लागि उपयुक्त हुने गरी कृषि अनुदानको मापदण्ड बनाएर सरकारले नीतिगत भ्रष्ट्राचार गरिरहेको छ । यो बिषयमा कस्ले बाल्ने ?

वर्षभरिमा एकपटक त्यो पनि फोटो खिचाउनका लागि धान दिवसमा भाग लिने नक्कली किसानको कुरामात्र सुन्ने क्षमता सरकारसँग भएसम्म धान विसको औचित्य छैन । दैनिक दुई हजार युवा रोजगारीको खोजीमा खाडीमुलुक हानिएको अवस्थालाई परिबर्तन गर्नका लागि पनि तीनै तहका सरकारले बुद्धिमतापूर्ण काम गर्नु जरुरी थियो तर, आृना निकटका हनुमानहरुको मात्र कुरा सुन्न सक्ने क्षमता राख्ने नेतृत्वबाट धान दिवसमा भाषण गर्ने बाहेक केही हुनेवाला छैन । किसानले धान उत्पादन गर्न खेतमा बगाएको पसिनाको मूल्य थाहा नपाएका कृषि क्षेत्रका अधिकारीहरुलाई मात्र यो धान दिवसले छुने गरेको छ । किसानलाई धान दिवससँग कुनै सरोकार नै छैन भन्दा हुन्छ । किन भने किसानले आवश्यक मल, बीउ, प्रबिधि, प्राबिधिक परामर्श समयमै पाउन छोडेको एक दसक भन्दा बढी भइसकेको छ । उसलाई धान दिवस वा मकै दिवसले कुनै प्रभाव पार्नेवाला छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार १६ गते शनिबार १ जुलाई २०२३ । त्रयोदशी, आसाढ शुक्लपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ । शनि प्रदोष व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घरेलु काममा रुचि | **तुला** | : मान मर्यादामा वृद्धि |
| **वृष** | : प्रयासहरु फलदायी हुने | **वृश्चिक** | : लेनदेनको विवाद बढ्ने |
| **मिथुन** | : कुरा काट्नेहरु सक्रियता | **धनु** | : स्वास्थ्यमा सुधार हुने |
| **कर्कट** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **मकर** | : अध्ययनमा प्रगति हुने |
| **सिंह** | : अरुको विश्वास जित्न सकिने | **कुम्भ** | : रोग एवम् चिन्ता बढ्ने |
| **कन्या** | : चिन्ता बढ्ने | **मीन** | : व्यवसायबाट लाभ पाइने |

# मदनको सृजनात्मकतालाई आजको पुस्ताले कसरी लिने ?



✍ रश्मी आचार्य



**नेपाली समाजमा देखिएको निराशा र आक्रोशलाई उधिनेर देशलाई अस्थिरताको भुमरीमा धकेल्न भइरहेका अनेकौं कोसिस र योजनाबद्ध षडयन्त्रप्रति उत्तिकै चनाखो हुनुपर्ने अवस्था आएको छ। यस्तो संगीन घडीमा आम जनतामा विश्वास जागृत गर्न सक्ने दूरदृष्टि भएको, आँट र अडान सहितको देशको भलो चिताउने नेतृत्वको खाँचो छ।**

पुष्पलाल श्रेष्ठ, बीपी कोइराला र मदन भण्डारीमा एउटा गज्जबको समानता देखिन्छ । पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको घोषणा पत्र तयार पार्दै गर्दा, बीपीले प्रजातन्त्रिक समाजवादको विचारधारा अगाडि बढाउँदै गर्दा र मदन भण्डारीले नेपाली धर्तीमा मार्क्सवादको सृजनात्मक प्रयोगको रूपमा जनताको बहुदलीय जनबाद (जबज) को नयाँ विचारधारा बहसमा ल्याउँदै गर्दा तीनै जना युवा उमेरका थिए । उनीहरूले अगाडि सारेका विचारधारा आज थप परिष्कृत भएका छन् वा कुन अवस्थामा छन् ? यसको विश्लेषणात्मक पाटो बेग्लै छ ।

'सिद्धान्त र व्यवहारमा शून्यता देखिन थालेको' वर्तमान कालखण्डमा मूलत: मदन भण्डारीको सृजनात्मकतालाई आजको पुस्ताले कसरी लिने ? भन्ने सवालमा यहाँ संक्षिप्त चर्चा गर्न खोजिएको छ ।

### जबजको पृष्ठभूमि

सन् १९९० मा बर्लिनको पर्खाल ढलेसँगै सोभियत रूसको समाजवादी सत्ता संकटमा पऱ्यो । यो परिघटनालाई विश्वबाट कम्युनिष्ट विचार समाप्त भयो भनेर पूँजीवादीहरूले प्रचार गरिरहेको समयमा समग्र घटनाहरूबाट पाठ सिक्दै नेपालका कम्युनिष्टहरू भने मदन भण्डारीको अगुवाइमा मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गर्न तल्लीन थिए । तत् समयमा देशमा भर्खरै बहुदलीय व्यवस्था स्थापना भएको थियो भने त्यो परिवर्तनको लागि वामपन्थी र कांग्रेसबीच सहकार्य भएको थियो ।

यस्तो पृष्ठभूमिमा संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, मानवअधिकारको रक्षा, बहुलवादी खुल्ला समाज, आवधिक निर्वाचन, बहुमतको सरकार, अल्पमतको विपक्ष जस्ता विशेषता समावेश गरेर मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज)को मार्गचित्र प्रस्तुत गर्नुभएको थियो । वास्तवमा तत्कालीन समयमा संविधानको सर्वोच्चता, बहुलवादी खुल्ला समाज र प्रतिस्पर्धामा श्रेष्ठताको अवधारणा अगाडि सारेर कम्युनिष्ट आन्दोलनको लोकतन्त्रीकरणको एजेण्डा अँगाल्नु कम्युनिष्ट पार्टीको लागि असाध्यै जोखिमको विषय थियो ।

खुल्ला राजनीतिमा शान्तिपूर्ण संघर्षको कार्यनीति अपनाएर जनताको बीचमा जानु कम्युनिष्टहरूको लागि बिल्कुलै नयाँ अभ्यास थियो । खासगरी विश्व कम्युनिष्ट आन्दोलनले व्यहोरेको अनपेक्षित धक्काबाट शिक्षा लिएर तथा नेपालको कम्युनिष्ट आन्दोलनका आृनै अनुभवहरूको सिंहावलोकन गरेर नेपाली परिवेश सुहाउँदो दृष्टिकोणको रूपमा मदन भण्डारीले जबजलाई अगाडि सार्नुभएको थियो ।

मदनले यो रोडम्याप बनाउँदै गर्दा एकातर्फ केही कम्युनिष्ट घटकहरू (जो आज मदनले नै अंगीकार गरेको बाटोकै वरिपरि छन्) तिनले जबजलाई वर्ग समन्वयवादी विसर्जनको बाटो भनेर आक्षेप लगाएका थिए भने अर्कोतर्फ पूँजीवादपन्थीहरूले मदन भण्डारीलाई 'कम्युनिष्टहरू लोकतन्त्रवादी हुनै सक्दैनन्' भनेर गोयवल्स शैलीमा उछित्तो काढिरहेका थिए । अनेकौं कोणबाट लगाइएका त्यस्ता आरोप र कुप्रचार लाई मदन भण्डारीले डटेर सामना गर्नुभयो ।

जति बढी आलोचना हुँदै थियो त्योभन्दा तीव्र गतिमा जनताको बीचमा मदनको विचार लोकप्रिय हुँदै थियो । परिणामत: प्रतिस्पर्धामा श्रेष्ठता हासिल गरेर प्रगतिशील सुधार मार्फत देशमा आमूल परिवर्तनको मार्ग सुनिश्चित गर्न २०५१ मा सम्पन्न मध्यावधि निर्वाचनबाट संसदमा सबैभन्दा ठूलो पार्टी नेकपा (एमाले) हुन पुग्यो ।

अल्पमतको भए पनि पहिलो कम्युनिष्ट सरकार बनाएर नौ महिनामै लोकप्रिय सरकार सञ्चालन गर्ने मानक त्यो सरकारले खडा गऱ्यो । मार्क्सवादको सृजनात्मकताको एउटा रूप जन-जनले अनुभूत गर्ने गरी स्थापित भयो ।

### आलोचनाका २७ बुँदा

मदन भण्डारीको सृजनात्मकता २०४७ को संविधान बन्ने समयमा पनि प्रकटित भयो । तथ्यले भन्छ, 'मदन भण्डारीले २०४७ को संविधानमा दर्ज गरेका आलोचनाका २७ बुँदा यस्ता 'पिन पोइन्ट' थिए जुन २०६२/६३ को जनक्रान्ति सफल भए पश्चात् भएको २०६३ को संसदीय घोषणाको आधार भूमि बन्न गए । अन्तत: २०७२ को संविधानले तिनै बुँदाहरूलाई रिङ्गो नबिराई आत्मसात् गरेको पाइन्छ ।

२७ बुँदाको सार थियो, 'सार्वभौमसत्ता जनताको हातमा रहेको स्पष्ट किटान हुनुपर्छ, एउटा व्यक्ति अर्थात् राजा राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन, ऊ संविधानको एकल संरक्षणकर्ता हुन सक्दैन, सार्वभौम अधिकार भएका जनता मात्र त्यसका संरक्षक हुन सक्दछन्, राजा पूर्ण रूपमा संविधानको मातहत हुनुपर्छ, राजा र राजपरिवारको सम्पत्तिमा पनि नागरिकसरह कर लाग्ने व्यवस्था गरिनुपर्छ, राजाका तजविजी र विशिष्ट अधिकार पूर्णत: हटाउनुपर्दछ, राजाले संविधान विपरीत काम गरेको खण्डमा महाअभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनुपर्छ, देश धर्मको सवालमा निरपेक्ष हुनुपर्छ, सबै भाषालाई समान व्यवहार गर्न नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषा मात्र मान्नुपर्छ, 'श्री ५' हटाएर नेपाल सरकार भन्ने व्यवस्था हुनुपर्छ, शाही सेना भनिएको ठाउँमा नेपाल सेना भन्ने व्यवस्था हुनुपर्छ, सरकारी सार्वजनिक संस्थान र निकायहरू सबै ठाउँमा रहेको शाही शब्द हटाउनुपर्छ, संविधान सर्वोपरि हुनुपर्छ, संविधानको स्रोत जनता हुनुपर्छ, सेना र प्रहरी शक्ति जनप्रतिनिधिसभाको हातमा हुनुपर्छ, संविधानमा देशका सबै जाति, भाषा, धर्म र संस्कृतिको पूर्ण समानताको ग्यारेण्टी गरिनुपर्छ, मौलिक अधिकारहरूको निर्वाध रूपमा ग्यारेण्टी गरिनुपर्छ ।' उल्लिखित थुप्रै जनसवाललाई मदन भण्डारीले बहुतै सचेततापूर्वक सूत्रबद्ध गर्नुभएको थियो ।

यसकारण भन्न सकिन्छ मदनले दर्ज गरेका आलोचनाका २७ बुँदाले सृजना गरेको राजनीतिक र वैचारिक भाइब्रेसन, त्यसले जनतामा पारेको सकारात्मक प्रभाव र राजतन्त्र विरुद्ध निर्माण हुन पुगेको जनमत, त्यसको जगमा उठेको २०६२/६३ को जनआन्दोलन, संविधानसभाको बैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा र २०७२ को नयाँ संविधान निर्माणसम्मका हरेक चरणमा गहिरिएर खोज्दा मदन भण्डारीलाई प्रत्यक्ष भेट्न सकिन्छ ।

नेपालको संविधानको मूल मर्म नै मदनले अगाडि सारेका दृष्टिकोणहरूबाट प्रक्षेपित छ । मदनले भने झैं 'यदि संविधान, संविधानको हिसाबले मात्रै रह्यो भने त्यसको केही पनि मतलब हुँदैन । जनताको जीवनको निम्ति त्यसको मतलब हुनुपर्छ । जनताको दैनिकी सुधार्न र जीवनयापनमा आमूल परिवर्तन ल्याउन संविधान कामयावी बन्न सक्यो भने मात्रै यो जनताको अमूल्य सम्पत्ति बन्न सक्दछ ।' साँचो अर्थमा भन्ने हो भने संविधानलाई जनताको अमूल्य सम्पत्ति बनाउन मदनको जोड आज पनि उत्तिकै सान्दर्भिक छ ।

### मदनको अभाव

दु:खद् पक्ष, २०५१ मा नेपालमा पहिलो जननिर्वाचित कम्युनिष्ट सरकार बन्दै गर्दा मदन भण्डारीले उक्त सरकार देख्न पाउनुभएन । उहाँको असामयिक निधनले देशले अपूरणीय क्षति व्यहोर्नु पऱ्यो । पार्टी र कम्युनिष्ट आन्दोलनले असाधारण क्षमताको विचारक, चिन्तक र युगसापेक्ष पथप्रदर्शक गुमाउनु पऱ्यो । अमेरिकाबाट प्रकाशित हुने न्यूज विकले मदनको अन्तर्वार्ता छाप्दै 'नेपालमा कार्ल मार्क्स जीवित छन्' भनेर शीर्षक दिनु उनको विचारको ओझ कति थियो भन्ने पुष्टि गर्ने ज्वलन्त उदाहरण हो । यस्ता परिघटना एक होइन अनेकौं छन् । करिब ४२ वर्षको उमेरमा नै देश, दुनियाँ र विश्वलाई समेत थर्कमान बनाउन सक्ने सामर्थ्य मदन भण्डारीले प्रदर्शन गर्नुभयो ।

उहाँका ओजस्वी विचार, संसदमा प्रस्तुत धाराप्रवाह विश्लेषण, उहाँमा रहेको सैद्धान्तिक स्पष्टता र सरलता विशेषत: देश र राजनीतिप्रति चासो राख्ने युवा पुस्ताका लागि प्रेरणादायी छन् । विचार, राष्ट्रियता, जनजीविका र संगठन सम्बन्धी मदनका कालजयी विश्लेषण उनीहरूको लागि मुख्य गाइडलाइन हुन् । प्रतिस्पर्धामा श्रेष्ठता, पहलकदमीबाट नेतृत्व विकास, परिवर्तनशीलता, पार्टी र समाजको लोकतन्त्रीकरण, देशको समृद्धि पथ जस्ता मदनका 'की वर्डस्' नेपाली समाज र राजनीतिज्ञ सबैलाई हरदम मार्गदर्शन गरिरहने खालका छन् । यिनीहरूको युगसापेक्ष परिष्कृत व्याख्या गरेर डेलिभरी केन्द्रित कार्ययोजना बनाउनु समयले आजको पुस्ताको काँधमा सुम्पिएको हस्तान्तरित जिम्मेवारी हो ।

### विचार

जतिवेला मदनको अगुवाइमा जबज विकास भयो त्यो समयमा जबज नअँगालेको भए नेपालको कम्युनिष्ट आन्दोलन आज कुन अवस्थामा रहन्थ्यो होला ? आजको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय परिवेशमा जबजको थप परिष्कृत रूप कस्तो हुन्छ ? संविधानले अंगीकार गरिसकेको समाजवाद उन्मुख अवस्थामा पुग्न यसले कुन चरणसम्म योगदान गर्न सक्छ ?

देशमा देखिन थालेको सिद्धान्त र व्यावहारिक शून्यताको भुमरीलाई चिर्न जबजले के-कस्ता औजार प्रदान गर्दछ ? आदि सवालमा वैचारिक तथा सैद्धान्तिक बहसको खाँचो छ । यो बहस सञ्चालन गर्ने र नयाँ उचाइमा जबजलाई परिष्कृत गर्ने अभिभारा विशेषत: नयाँ पुस्ताकै काँधमा छ । यो छलफल चलाउँदै गर्दा कम्युनिष्टहरूले सत्तामा पुगेपछि कति उपलब्धि हासिल गरे ? निर्वाचनलाई वर्ग संघर्षको रूपमा परिभाषित गरिसकेपछि उनीहरूलाई वर्ग-संघर्षको लडाइँमा फ्रन्ट लाइनर बनाएर उतार्न के-कस्ता कार्यक्रमिक योजना दिए त ? त्यसको युगीन अभिभारा बोकेका फ्रन्टलाइनरहरू वर्तमान समयमा के गर्दैछन् ? देशभरका कम्युनिष्ट सत्ता (स्थानीय, प्रदेश र संघ) कत्तिको जनपक्षीय थिए वा छन् ? यसको गम्भीर समीक्षा जरूरी छ ।

कम्युनिष्ट पार्टीले सरकार चलाउँदा समेत शिक्षा र स्वास्थ्यको सम्पूर्ण जिम्मेवारी राज्यले वहन गर्ने नीति अर्थात् संविधानमै उल्लिखित मौलिक हकहरू पूर्ण रूपले कार्यान्वयन किन हुन सकेनन् ? आम जनताले देख्ने र बुझ्ने गरी समाजवादका आधार तयार गर्ने ठोस कार्यक्रम कहिले बन्छ ? नेपालको समृद्धिको मौलिक पथ कस्तो हो ? एकातर्फ दस्तावेजमा दलाल पूँजीपतिसँग जनताको प्रधान अन्तरविरोध रहेको उल्लेख गर्ने अर्कोतर्फ व्यवहारमा दलाल पूँजीवादकै शरण पर्ने तरिकाले उत्पादनशील राष्ट्रिय पूँजीको निर्माण कसरी सम्भव छ ? यस्ता तमाम विरोधाभासको तार्किक समाधानको लागि नयाँ पुस्ताको चासो र पहलकदमी अत्यावश्यक छ ।

पहलकदमी विना परिणाम निस्कँदैन र परिणाम विना परिवर्तन मापन हुन सक्दैन । राजनीतिक परिवर्तन हुँदैमा स्वत: सामाजिक, सांस्कृतिक र आर्थिक परिवर्तन हुँदैन । त्यसका लागि पहलकदमी र प्रतिस्पर्धामा श्रेष्ठताको 'मदन सूत्र' लाई नयाँ पुस्ताले अँगाल्नै पर्दछ ।

### राष्ट्रियता

राष्ट्रिय राजनीतिमा विशेषत: कम्युनिष्टहरूलाई राष्ट्रवादी शक्तिको रूपमा स्थापित गर्न मदन भण्डारीको महत्वपूर्ण योगदान छ । टनकपुर परियोजना सम्बन्धी सम्झौता बारे २०४९ चैत २४ मा प्रतिनिधिसभामा उहाँले व्यक्त गरेको धारणा यसको एउटा ज्वलन्त उदाहरण हो । जुन सम्बोधनमा उहाँले '२.९ हेक्टर जमिन त के ! एकइञ्च जमिन कसैलाई दिने छुट न सरकारलाई छ, न त संसदलाई नै' भनी सरकार र संसद दुवैलाई खबरदारी गर्नुभएको छ । यस्तो खबरदारी उहाँले राष्ट्रका ज्वलन्त मुद्दाहरूमा दर्जनौं पटक गर्नुभएको छ । राष्ट्रभक्ति, देशप्रेम र स्वाधीनताको भावले ओतप्रोत उहाँका सन्देश आज पनि उत्तिकै सान्दर्भिक छन् ।

तथ्यहरूले भन्दैछन्, 'नेपालको समृद्धिको मुख्य बाधक राजनीतिक अस्थिरता हो । राजनीतिक अस्थिरताले समृद्धिलाई मात्र रोकेको छैन, राष्ट्रियता, स्वाभिमान र सार्वभौमसत्ता जस्ता ज्यादै संवेदनशील पाटोमा प्रत्यक्ष दक्खल दिएको छ । 'नियन्त्रित अस्थिरता' रूपी छिमेक नीति हाम्रा लागि गम्भीर सतर्कता अपनाउनुपर्ने पाटो बनेको छ । विश्व राजनीतिमा आइरहेका बदलावहरूको प्रभाव समेत हामीले सामना गर्नु परेको छ । विभिन्न वहानामा विश्वका शक्ति राष्ट्रहरूको चासो नेपालमा केन्द्रित भइरहेको सन्दर्भमा नेपालको राष्ट्रिय हित र स्वार्थ कसरी जगेर्ना गर्ने ?

'अबको विश्व शक्ति एशिया हो' भनेर विश्लेषकहरूले प्रक्षेपण गरिरहेको कारण विश्वको शक्ति एशियामा केन्द्रित हुँदै गरेका परिदृश्यहरू एकपछि अर्को देखा पर्दैछन् । यसमा पनि एशियाका दुई महाशक्ति हाम्रा दुई छिमेकी भएकोले हामीतिर सबैका आँखा सोझिएका छन् ।

नेपाल कतै भूराजनीतिक द्वन्द्वको शिकार त हुने होइन ? यसको असंलग्न परराष्ट्र नीति खण्डित त हुने होइन ? संशय खडा भएको तथा सरकारका पछिल्ला कदमहरू देशको लागि सुखद नरहेको परिप्रेक्ष्यमा युगसापेक्ष नीति तथा रणनीतिहरू बनाउनुपर्ने अभिभारा समेत नयाँ पुस्ताकै काँधमा छ ।

### जनजीविका

आँकडाले भन्छ, नेपालको विद्यमान मूल्यवृद्धि हालसम्मकै उच्चदरको हो । उच्च मूल्यवृद्धिले गर्दा जनताको दैनिकी कष्टकर बन्दै गइरहेको छ । दैनिक उपभोग्य वस्तुहरूको कालोबजारी उस्तै छ । खेती गर्ने बेलामा किसानहरूले मल नपाएर हाहाकार मच्चिएको छ । दैनिक ज्यालादारी मजदुर, किसानको चुलो बल्नै नसक्ने अवस्थामा देखिएको छ ।

एकातर्फ देशको आर्थिक अवस्था नाजुक बन्दै जानु अर्कोतर्फ कृषि, वन र मत्स्यपालन पेशा प्रधान रहेको हाम्रो जस्तो देशमा करिब ९ महिनामै डेढ खर्ब भन्दा बढीको खाद्यान्न, घ्यू-तेल र तरकारी आयात गरेर खाने अवस्था आउनु कुनै पनि कोणबाट सकारात्मक संकेत होइन । यो क्रम बढ्दै जाँदा 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा धरापमा पर्ने निश्चित छ ।

यो दुरवस्थाको समाधानको लागि मदनले भने जस्तै जनताको जीवनसँग प्रत्यक्ष जोडिएको सिद्धान्त र त्यस अनुरूपको व्यवहार अपरिहार्य छ । जुन सिद्धान्तले व्यवहारत: जनताको अपेक्षा अनुरूपको डेलिभरी दिएर समस्याहरूको शीघ्र हल गरोस् । मदन भण्डारी भन्नुहुन्छ, 'सिद्धान्तको निम्ति जीवन होइन, जीवनको निम्ति सिद्धान्त हुनुपर्दछ ।' अर्थात् सिद्धान्तले जीवनलाई पछ्याउनु र बाटो देखाउनुपर्छ । यसको अर्थ हुन्छ, सिद्धान्त निर्माण र आम जनताको जीवनबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । सिद्धान्तले जनताको जीवन, दैनिकी, समाजको प्रगति र अन्तत: राष्ट्रको समृद्धिमा परिवर्तन ल्याउन सक्नुपर्छ । मदनको व्याख्यामा जनजीविका हराएको कागजी सिद्धान्त जीवन्त सिद्धान्त हुनै सक्दैन ।

तसर्थ, जनताको जीवनसँग अभिन्न रूपले जोडिएको सिद्धान्त र त्यस अनुसारको व्यवहार नै आजका समस्याको समाधानको मुख्य कडी हो । तब मात्र 'सिद्धान्तको रंग खैरो र व्यवहारको रंग हरियो हुनुपर्छ' भनेर मदनले गरेको व्याख्याले सार्थकता पाउनेछ । सिद्धान्त र व्यवहार बीचको यो सम्बन्धलाई नयाँ पुस्ताले जस्ताको तस्तै बुझ्न र व्यवहारमा कार्यान्वयन गर्न जरूरी छ ।

### संगठन

सिद्धान्तको कार्यान्वयन र संघर्ष सञ्चालनको लागि संगठन अपरिहार्य पक्ष हो । त्यसमा पनि कम्युनिष्ट पार्टीको संगठन कस्तो छ, त्यसैमा उसको शक्ति मापन हुन्छ । विभिन्न क्षमता भएकाहरूको उचित संयोजन संगठनभित्र हुनुपर्छ भनेर मदनले औंल्याउनुभएको छ ।

एकै प्रकारका मानिसहरूको बोलवाला र एकपाखे चिन्तनले पार्टी संगठन बलियो हुन नसक्ने निचोड उहाँको पाइन्छ । पार्टीले दिने नतिजा मूलत: संगठनात्मक शक्तिमा भर पर्छ ।

संगठनात्मक शक्ति भित्र पार्टी र जनसंगठनको शक्ति पर्दछ । ती सबै संरचनाहरू निश्चित विधि, प्रक्रिया र अनुशासनमा चल्नुपर्छ । पछिल्लो समय जनसंगठनहरूको भूमिका माथि अझ खासगरी नयाँ पुस्ता संगठित हुने संगठनहरू शून्य सृजनशीलताको शिकार भएका छन् ।

विभिन्न समुदाय, तह र तप्काका आवाजलाई बुलन्द गर्ने तथा आलोचनात्मक चेतको विकास गर्ने संगठनहरू नै संकटग्रस्त भएपछि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको पाटो कसरी सार्थक होला ? यस्ता तमाम प्रश्नहरूको वस्तुनिष्ठ जवाफ खोज्न पछिल्ला घटनाक्रमहरूले बेस्सरी झक्झक्याएको छ ।

नेपाली समाजमा देखिएको निराशा र आक्रोशलाई उधिनेर देशलाई अस्थिरताको भुमरीमा धकेल्न भइरहेका अनेकौं कोसिस र योजनाबद्ध षडयन्त्रप्रति उत्तिकै चनाखो हुनुपर्ने अवस्था आएको छ । यस्तो संगीन घडीमा आम जनतामा विश्वास जागृत गर्न सक्ने दूरदृष्टि भएको, आँट र अडान सहितको देशको भलो चिताउने नेतृत्वको खाँचो छ ।

अर्को शब्दमा भन्ने हो भने मदनको जस्तै अडान र दूरदृष्टि भएको नेतृत्व देशले पुन: खोजेको छ । त्यो रिक्तता पूरा गर्न अब नयाँ पुस्ता अगाडि सर्नुको अर्को विकल्प छैन । निचोडमा भन्न सकिन्छ, मदनका यस्ता धेरै सन्दर्भबाट नयाँ पुस्ताले एक होइन अनेक शिक्षा लिन सक्दछ । के सिक्ने ? कसरी सिक्ने ? मदनको सृजनात्मकतालाई कसरी बुझ्ने ? नयाँ पुस्ताकै खोज, विवेक र छनोटमा भर पर्दछ ।

*(साभार: अनलाइनखबर)*

# अनलाइन व्यापारमा पैसा लिएर सामान नदिए ३ वर्ष कैद



काठमाडौं/सरकारले अनलाइन व्यापार (विद्युतीय माध्यमबाट हुने व्यापार) लाई नियमन गर्न कानुन निर्माण प्रक्रिया अघि बढाएको छ । उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्री रमेश रिजालले 'विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, १२ असारमा राष्ट्रियसभामा दर्ता गरेका छन् ।

अनलाइन व्यापारलाई कानुनी मान्यता दिने र त्यसलाई करको दायरामा ल्याउने उद्देश्यले विधेयक ल्याइएको मन्त्री रिजालले उल्लेख गरेका छन् । 'सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकाले विधेयक पेश गरेको छु', उनले भनेका छन् ।

प्रस्तावित विधेयकमा सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई विद्युतीय व्यापार भनिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अधिकारीहरुका अनुसार यसमा विज्ञापन, चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओटीटी), तथ्यांक संग्रह, क्लाउड सेवा, गेमिङ, मोवाइल एप, अनलाइन मार्केट, सफ्टवेयरको आपूर्ति, तथ्यांक, तस्वीरको डाउनलोड सेवा, शिक्षा, परामर्श, सीप विकास तथा तालिम सेवा, ई-बुक, ई-पुस्तकालय, ई-पत्रिका आदि विद्युतीय व्यापार अन्तर्गत पर्छन् ।

अनलाइन व्यापार गर्न कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्था सरकारी निकायबाट अनुमति लिनुपर्ने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ । र यस्ता प्रत्येक व्यवसायीको विद्युतीय प्लेटफार्म (वेबसाइट, एप्स, फेसबुक पेज, युट्युब च्यानल इत्यादि) हुनुपर्नेछ ।

विद्युतीय प्लेटफर्ममा व्यवसायको नाम, ठेगाना, दर्ता भएको निकाय, दर्ता प्रमाणपत्र नम्बर, रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय, कारोबार हुने शाखा तथा आउटलेट लगायतका विवरण समावेश गर्नुपर्ने हुन्छ ।

विद्युतीय प्लेटफर्म स्थापना गरेपछि वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभागसमक्ष अनलाइन व्यापार गर्न सुचीकरणका लागि निवेदन दिनुपर्ने र सूचीकरण भएर सूचीकरणको नम्बर पाएपछि व्यवसाय गर्न पाउने विधेयकमा उल्लेख छ ।

यो कानुन नबन्दै सञ्चालन भइसकेका अनलाइन व्यवसाय तीन महिनाभित्र सूचीकरणका लागि निवेदन दिनुपर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा अनलाइन व्यापार गर्ने व्यवसायीले विद्युतीय प्लेटफर्ममार्फत के कस्तो वस्तु र सेवा प्रदान गर्ने हो त्यसबारे जानकारी गराउनुपर्नेछ । वस्तु तथा सेवाको नाम, प्रकृति, डिजाइन, ट्रेडमार्क, आकृति वा चित्र, समिश्रण, तौल वा अन्तरनिहित तत्व लगायतका विवरण विद्युतीय प्लेटफर्ममै राख्नुपर्ने हुन्छ ।

यससँगै वस्तु वा सेवाको करसहितको अन्तिम बिक्री मूल्य, ढुवानी वा हस्तान्तरण शुल्क, वस्तु तथा सेवा हस्तान्तरण गर्न लाग्ने समय, वस्तु तथा सेवाको वारेण्टी, ग्यारेण्टी, उत्पादक कम्पनी र सेवा प्रवाह गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम पनि राख्नुपर्ने हुन्छ ।

विद्युतीय प्लेटफर्ममा कारोबारको कुल रकम अद्यावधिक हुने र त्यस आधारमा कर निर्धारण गर्ने सरकारको तयारी छ ।

**वैदेशिक व्यापारमा अग्रिम भुक्तानी**

विधेयकमा अनलाइन मार्फत अन्तर्राष्ट्रिय व्यापार पनि गर्न पाइनेछ । 'प्रचलित संघीय कानुनको अधीनमा रही कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले विद्युतीय व्यापार गर्न विदेशस्थित कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट कुनै वस्तु वा सेवा खरिद गरी आयात गर्न सक्नेछ' प्रस्तावित विधेयकको दफा ११ (१) मा छ ।

तर नेपालबाट बिदेश निर्यात गर्दा अग्रिम भुक्तानी लिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । 'व्यवसायीले नेपालभित्र सञ्चालित विद्युतीय प्लेटफर्मको माध्यमद्वारा कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई वस्तु वा सेवा बिक्री गरेमा प्रचलित संघीय कानुनको अधीनमा रही अग्रिम भुक्तानी पश्चात त्यस्तो वस्तु वा सेवा निर्यात गर्न सक्नेछ' प्रस्तावित विधेयकको दफा ११ (२) मा छ ।

**अधिकतम ३ वर्ष कैद, ५ लाख जरिवाना**

अनलाइन व्यापार गर्नेले विद्युतीय प्लेटफर्म स्थापना नगरेमा, सूचीकरण नगरेमा वस्तु तथा सेवा नखुलाएमा कारबाहीको व्यवस्था पनि गरिएको छ । यस्तो कसूर गर्नेलाई १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवानाको प्रस्ताव गरिएको छ ।

अनलाइन व्यवसायबाट बिक्री भएका वस्तु तथा सेवाको अभिलेख विद्युतीय प्लेटफर्ममा ६ वर्षसम्म सुरक्षित राख्नुपर्ने हुन्छ । यसो नगरेमा दुईदेखि तीन वर्षसम्म कैद वा तीनदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनुपर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा अनलाइन व्यापारमा मध्यस्थ व्यवसायी पनि रहने परिकल्पना गरिएको छ । अनलाइन व्यापार हुने वस्तु तथा सेवा उपलब्ध गराउने विषयमा मध्यस्थ व्यावसायीसँग लिखित करार हुनुपर्नेछ । बिक्रेताले मध्यस्थ व्यवसायीको माध्यमबाट बिक्रीको लागि उपलब्ध गराएको वस्तु वा सेवा त्रुटिपूर्ण रहेमा फिर्ता लिनुपर्ने हुन्छ । अन्यथा यसलाई पनि कसुर मानिनेछ ।

खरिदकर्ताले माग गरेको कुनै वस्तु वा सेवा व्यवसायीले माग गरेकै स्थान, समय र व्यक्तिलाई हस्तान्तरण गर्नुपर्छ । अन्यथा कसुर मानिनेछ र यो कसुरमा पनि दुई वर्षदेखि तीन वर्षसम्म कैद वा तीन वर्षदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

**उपभोक्ता अदालत**

प्रस्तावित विधेयकमा सरकारले उपभोक्ता संरक्षण सम्बन्धी काम गर्न एक निरीक्षण अधिकृत तोक्ने व्यवस्था गरिएको छ । अनलाइन व्यापारसम्बन्धी कसुरमा कसूरदारलाई १० हजारदेखि पचास हजारसम्म जरिवाना हुने सजाय निरीक्षण अधिकृत नै गर्नेछ ।

निरीक्षण अधिकृतले गरेको सजाय चित्त नबुझे सात दिनभित्र वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशकसमक्ष पुनरावदेन दिन सकिन्छ । यस्तो पुनरावेदनउपर महानिर्देशकले ३५ दिनभित्र निर्णय दिनुपर्ने हुन्छ ।

दुई वर्षदेखि तीन वर्षसम्म कैद वा तीन लाखदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने विषयमा भने उपभोक्ता अदालतमा मुद्दा चल्नेछ । निरीक्षण अधिकृतले अनुसन्धानको काम पूरा भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णयका लागि सम्बन्धित सरकारी वकिल समक्ष पठाउनेछ । सरकारी वकिलबाट मुद्दा चल्ने निर्णय भएमा निरीक्षण अधिकृतले सम्बन्धित उपभोक्ता अदालतमा मुद्दा दायर गर्नेछ ।

'त्यस्तो अदालत (उपभोक्ता अदालत) गठन नभएकोमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ' प्रस्तावित विधेयकको दफा २४(२) मा छ । यो विधेयक राष्ट्रियसभा र प्रतिनिधिसभामा छलफल भई पारित भएपछि कानुनको रुप लिनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# 'परस्त्री'को सिक्वेल बन्ने, प्रिमियरमा मिल्यो प्रशंसा




काठमाडौं/नेपालमा क्राइम-थ्रिलर जनरामा ज्यादै कम फिल्म बन्छन् । व्यावसायिक सफलताको सम्भावना कम हुने बुझाईले पनि यो जनरामा जोखिम मोल्न मेकरहरु आँट गर्दैनन् । यद्यपि, यो जनरा रुचाउने दर्शक भने नेपालमा उल्लेख्य छन् । यसबीच, क्राइम-थ्रिलर जनरामा बनेको फिल्म 'परस्त्री' बिहीबारबाट प्रदर्शनमा आएको छ । फिल्मको हिन्दी संस्करण शुक्रबारबाट भारतमा प्रदर्शन हुँदैछ ।

प्रदर्शनको पूर्वसन्ध्यामा काठमाडौंको बिग मुभिजमा आयोजित प्रिमियरमा फिल्मले राम्रो प्रतिक्रिया प्राप्त गर्‍यो । अभिनेत्री स्वस्तिमा खड्काले धेरैपछि फरक जनराको फिल्म हेर्न पाउँदा 'फ्रेस' महसुस भएको बताइन् । 'फिल्म रमाइलो छ । दर्शकहरुले पनि मन पराउनुहुन्छ होला । फिल्ममा थोरै कलाकार भएता पनि सबैले होल्ड गराएर राख्नुहुन्छ । सबैको सहज अभिनय छ,' उनले भनिन् ।

'परस्त्री'का निर्देशक सुरज पाण्डेसँग स्वस्तिमाले फिल्म 'लभ लभ लभ'मा एकसाथ काम गरेकी थिइन् । उनले सुरजको निर्देशनको पनि प्रशंसा गरिन् । 'सुरजको पहिलो निर्देशन भए पनि नयाँ निर्देशकको फिल्म हो जस्तो बुझाउँदैन,' उनले भनिन्, 'हामी दुवैले 'लभ लभ लभ'मा सँगै काम गरेका थियौं । त्यसबेला हामी १९/२० वर्षको थियो । अहिले ऊ निर्देशक हुँदा गर्व महसुस भएको छ ।'

अभिनेता खगेन्द्र लामिछानेले फिल्म हेर्दा मज्जा आएको प्रतिक्रिया जनाए । 'म यथार्थपरक फिल्म बनाउन र खेल्न इच्छा राख्ने मान्छे हुँ । सस्पेन्स-थ्रिलर जनराको फिल्म हेर्दा बेग्लै मज्जा आउने गर्छ । यस्तो खालको फिल्म कमै बन्छ नेपालमा । हेर्दा मज्जा आयो । फिल्म हेरिरहँदा अब के होला भन्ने लागिरह्यो । कहीं कतै अल्छि लागेन । कलाकारहरुको अभिनय स्वभाविक लाग्यो,' उनले भने ।

निर्देशक सुरज पाण्डे प्रिमियरमा प्राप्त प्रतिक्रियाले उत्साहित देखिए । आफ्नो तर्फबाट इमानदार प्रयास गरेको बताउँदै उनले भने- 'प्रिमियरमा प्रतिक्रिया राम्रो पाए पनि आफ्नो काममा सन्तुष्ट कहिल्यै नहुने रैछ । फिल्ममा मैले अझै राम्रो गर्न सक्थें भन्ने लागिरहेको थियो । तै पनि म निकै खुसी छु ।' निर्मात्री शर्मिला पाण्डेले प्रिमियरमा मिलेको प्रतिक्रियाले आफूलाई उत्साहित बनाएको बताइन् ।

लेखक तथा निर्माता दीपेन्द्र के. खनालले सिक्वेल बनाउने गरी फिल्मको अन्त्य गरिएको जानकारी गराए । 'हामीले पार्ट टूका लागि फिल्मको त्यसरी नै अन्त्य गरेका छौं । चलाखीपनले के-के गर्‍यो भनेर यसमा देखाएका छौं । तर, कर्मको फल त मिल्छ नै । पार्ट टूमा त्यो आउँछ,' उनले भने । नेपालमा बनेका क्राइम जनराको फिल्ममध्ये 'परस्त्री' सशक्त रहेको समेत उनले दाबी गर्न भ्याए ।

फिल्ममा शिल्पा मास्के, कोशिश क्षेत्री, गौरव विष्ट, अलिसा क्षेत्री, अशान्त शर्मा, रामबाबु रेग्मी, सरस्वती अधिकारी, झकेन बिसी र अर्पित न्यौपानेको अभिनय छ । एक्स्ट्रा म्यारिटल अफेयर (विवाहेत्तर सम्बन्ध)ले निम्त्याउने समस्यामाथि फिल्म आधारित रहेको छ । 'परस्त्री'मा निर्देशक पाण्डेले लेखक खनालको कथालाई दृश्यभाषामा इमानदारपूर्वक उतारेका छन् । तर, फिल्म केही सुस्त छ ।

# आकाश र सलोनको 'हिँड्दा हिँड्दै' भदौ १ मा



काठमाडौं/अभिनेताद्वय आकाश श्रेष्ठ र सलान बस्नेतको पहिलो सहकार्य रहेको फिल्म 'हिँड्दा हिँड्दै'ले आगामी भदौ १ गतेबाट प्रदर्शन थाल्ने भएको छ ।

यसअघि गत माघ २० गतेलाई प्रदर्शन मिति घोषणा गरिएको थियो । तर, विभिन्न कारणले रिलिज हुन सकेको थिएन । नयाँ प्रदर्शन मिति घोषणासँगै बिहीबार फिल्मको पोस्टर पनि सार्वजनिक गरिएको छ । पोस्टरमा मित्रता र प्रेमलाई देखाइएको छ ।

कोरोना महामारीको समयमा छायांकन भएको फिल्ममा आकाश र सलोनसँगै रेखा शाह, सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ, बाल कलाकार अर्विन थिङ्गलगायतको अभिनय छ । मिलन आले मगरको निर्देशन रहेको फिल्ममा सुशील पंगेनीको लेखन छ । विमल श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्ममा राज लामा निर्मातामा छन् भने प्रमोद कुमार तामाङ र महादेश शाह सह-निर्मातामा छन् ।

आरआर फिल्म्सले वितरण गर्ने रोमान्टिक ड्रामामा सुमन कुमार तण्डुकारको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, तारा प्रकाश लिम्बू र किरण माइकल घिमिरेको संगीत, गौतमराज खड्काको सम्पादन, कविराज गहतराज र सुरेन्द्र बसेलको कोरियोग्राफी छ । गत वर्ष दुई फिल्मले अपेक्षाकृत प्रदर्शन गर्न नसकेका कारण आकाशलाई यो फिल्म व्यावसायिक रुपमा सफल हुनैपर्ने दबाब छ ।

# १४० स्थानीय तह प्रशासकीय अधिकृतविहीन

काठमाडौं/जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहमा जाने कर्मचारीको चरम अभाव देखिएको छ । मुलुकभरका ७ सय ५३ स्थानीय तहमध्ये १ सय ४० वटामा अहिले प्रमुख प्रशासकीय अधिकृत छैनन् । प्रमुख प्रशासकीय अधिकृतको अभावमा कतिपय स्थानीय तहले बजेट समेत ल्याउन सकेका छैनन् ।

बजेट निर्माण र कार्यान्वयनमा प्रमुख भूमिका रहने प्रमुख प्रशासकीय अधिकृतसहितका जनशक्ति नै पर्याप्त नभएको भन्दै स्थानीय तहहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अतिरिक्त गाउँपालिका महासंघ र नगरपालिका संघमा गुनासो गरेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ४४ नगरपालिका र ९६ वटा गाउँपालिकाले बजेट ल्याउँदा निमित्त प्रमुख प्रशासकीय अधिकृत नगर तथा गाउँसभाको सचिव बन्नु परेको थियो ।

**कर्मचारी अभावले पठाउन सकिएन : मन्त्रालय**

संघीय मामिला मन्त्रालयको स्थानीय तह कर्मचारी प्रशासनका उपसचिव खिलराज राई संघीय तहमा उपसचिव र अधिकृत उपलब्ध नभएर नै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नपठाएको बताउँछन् ।

उपसचिव राईले भने, 'प्रमुख प्रशासकीय अधिकृत नभएको ठाउँमा हामीले निमित्त दिइरहेका छौं, संघमा भएका झण्डै एक सय कर्मचारीहरुलाई स्थानीय तहमा पठाएका छौं ।' उनले अहिले अतिरिक्तमा पनि स्थानीय तहमा जाने कर्मचारी नभएको बताए ।

'स्थानीय तहमा पठाएका सबै कर्मचारी प्राय: अतिरिक्तकै थिए, अहिले अत्तिरिक्तका दीर्घरोगी, सेवा अवधि कम भएका, प्राविधिक कठिनाइ भएका करिब २० जना मात्रै कर्मचारी छन्,' राईले भने । उनले स्थानीय तहमा अन्य कर्मचारीहरु संघको दरबन्दीमा प्रमुख प्रशासकीय मात्रै पठाउने बताए ।

'प्रमुख प्रशासकीय मात्रै पठाउने हाम्रो जिम्मेवारी हो । तर, अहिले स्थानीय तहमा शिक्षा, स्वास्थ्य, इन्जिनियर पशु, कृषि जस्ता क्षेत्रमा कर्मचारी नभएको व्यापक गुनसो छ,' उनले भने । स्थानीय तहमा चाहिने कर्मचारी भर्ना गर्न प्रदेश सरकारले लोकसेवा मार्फत पदपूर्ति गर्नुपर्ने भए पनि त्यो नगरेको राई बताउँछन् ।

**कार्य सम्पादनमा असर : ढुंगाना**

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगाना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाहरुमा प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा दैनिक कार्य सम्पादनमा कठिनाइ भएको बताउँछन् ।

**नजगरपालिका संघका अध्यक्ष भीम ढुंगाना**

'नगरपालिकाहरुको बजेट निर्माणदेखि दैनिक प्रशासनसम्म कर्मचारी अभावले समस्या भइरहेको छ । संघीय मामिलालाई बारम्बार भन्दा टेरेको छैन्,' ढुंगानाले भने । उनले नगरपालिकामा पठाएका प्रमुख प्रशासकीय अधिकृतहरु पनि प्रशासन क्षेत्रभन्दा बाहिरका विषयगत उपसचिवहरु पठाउँदा कार्य सम्पादन प्रभावकारी हुन नसकेको बताए ।

'प्रशासन क्षेत्रको मान्छेले नेतृत्व गर्नुपर्नेमा शिक्षा क्षेत्र, राजस्व जस्ता क्षेत्रबाट मान्छे आउँदा नगर पालिकाहरुको कार्य सम्पादनले गति लिन सकेको छैन,' ढुंगानाले भने । उनले स्थानीय तहरुमा लेखा अधिकृतको पनि अभाव हुँदा समस्या भइरहेको गुनासो गरे ।

**संघीय सरकारको नियतमै प्रश्न छ : पाण्डे**

गाउँपालिका राष्ट्रिय महासंघकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे स्थानीय तहमा कर्मचारीहरु नपठाउनु संघीय सरकारको नियतमै प्रश्न गर्नुपर्ने आवश्यकता रहेको बताउँछिन् ।

'नागरिकको दैनिकीसँग जोडिएको सबैभन्दा धेरै काम गर्नुपर्ने स्थानीय तहमा कर्मचारी छैनन् भनेर नपठाउँदा स्थानीय तह कमजोर भइरहेका छन् । यसले संघीय सरकारले घरदैलोका सरकारमा हेर्ने दृष्टिकोण देखाउँछ,' पाण्डेले भनिन्, 'बजेटसहित नीतिगत कुरा कार्यान्वयन गर्ने, भुक्तानी गर्ने जिम्मेवारी कर्मचारी प्रमुखको हुन्छ । तर, स्थानीय तहमा कर्मचारी पठाउने कुरा संघीय सरकारको किन प्राथमिकतामा पर्दैन ?'

उनले संघीय सरकाले अहिले निमित्त बनाएर पठाइरहेको प्रमुख प्रशासकीय अधिकृत पनि प्रशासन क्षेत्रबाहिरको हुँदा स्थानीय तहलाई जेनतेन चलाउने मात्रै सोचेको बताइन् ।

'स्थानीय तह त यत्तिकै चलिहाल्छ नि भन्ने सोचका साथ निमित्तहरु पठाएको देखिन्छ,' उनले भनिन्, 'गाउँपालिकामा प्रशासनकै अधिकृत पठाउनुपर्छ, कहिले स्वास्थ्य सेवा, कहिले लेखाको मान्छे पठाएर चल्दैन नि ।'

# लम्पी स्किनका कारण साढे ३ महिनामा २५ हजार पशुको मृत्यु

काठमाडौं/लम्पी स्किन रोगको संक्रमणका कारण साढे तीन महिनामा २५ हजार भन्दा बढी पशुको मृत्यु भएको छ । २०७९ चैतमा देखिएको उक्त संक्रमण असार दोस्रो सातासम्म ७६ जिल्लामा फैलिएको छ । संक्रमणले २५ हजार ४०८ पशुको मृत्यु भएको मन्त्रालयले कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । हालसम्म ६ लाख ८२ हजार ८० पशुपंछी संक्रमित भएकामा ४ लाख ९ हजार १७५ पशु निको भएको र अझै २ लाख ४७ हजार ४९७ पशुमा संक्रमण सक्रिय रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो केही दिनदेखि संक्रमणदर केही घट्दै गएको पनि मन्त्रालको भनाइ छ ।


रोगको संक्रमणबाट पशुपंछी जोगाउन पशु सेवा विभाग मातहतका निकाय, प्रदेश र स्थानीय सरकारले सबै खाले प्रयास गरेको सरकारको दाबी छ । रोगको संक्रमण नियन्त्रणका लागि सातै वटा प्रदेशमा वितरणका लागि ७ लाख ३७ हजार डोज खोप वितरण भएको र एक लाख ७२ हजार १२८ पशुमा खोप कार्य सम्पन्न भएको पनि सरकारी दाबी छ ।

रोग नियन्त्रणका लागि पशु चिकित्सक परिचालनका लागि १६१ स्थानीय तहमा भेटेरिनरी डाक्टर र सबै स्थानीय तहमा प्राविधिकहरुको व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरिएको पनि मन्त्रालयले जनाएको छ । रोगको संक्रमणका कारण बाच्छाबाच्छी, दुहुनो र सुत्केरी अवस्थाका पशुहरुलाई धेरै असर गरेको देखिएको भन्दै मन्त्रालयले त्यस्ता पशुको सुरक्षामा सतर्कता अपनाउन किसानहरुको ध्यानाकर्षण गराएको छ ।

लम्पी स्किन रोग पहिलो पटक सन् १९२९ मा अफ्रिकी मुलुक जाम्बियामा देखिएको थियो । त्यसपछि यो रोग अन्य देशमा विस्तार भएको थियो । पशु सेवा विभागका अनुसार नेपालको मोरङ जिल्लामा २०७७ सालको साउन २२ गते पहिलो पटक लम्पी स्किन रोग पुष्टि भएको थियो । अहिले यो रोगले महामारीको रूप लिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# एष्ट्रोनोभा फाउण्डेशनले ९ दिने कार्यशाला गर्दै

साझाकुरा संवाददाता



हेटौंडा, १४ असार/ एष्ट्रोनोभा फाउण्डेसन नेपालले हेटौंडामा रोबटिक्स र अटोमेसन कार्यशाला गर्ने भएको छ ।

फाउण्डेशनले विद्यालय तहका विद्यार्थीलाई लक्षित गरी ९ दिने नि:शुल्क प्रशिक्षार्थी प्रशिक्षण कार्यशाला आयोजना गर्न लागेको जनाएको छ । असार १८ गतेबाट सुरु हुने कार्यशाला २६ गतेसम्म सञ्चालन हुने फाउन्डेशनका अध्यक्ष किशन बास्तोलाले जानकारी दिए । सो कार्यशाला साहित्य संगम मकवानपुरको सभाहल भैरवरोडमा प्रत्येक दिन दिउँसो ३ घण्टा सञ्चालन हुने उनले बताए । प्रत्येक विद्यालयमा पत्राचार गरी विज्ञान र प्रविधिको क्षेत्रमा रुची भएका ३ जना विद्यार्थी सिफारिस गरिदिन अनुरोध गर्ने र सिफारिस भएका ३ मध्ये १ जनालाई छनोट गरी कार्यशालामा सहभागी गराइने जनाइएको छ ।

यसरी छनोट गरेर यस पटक २० जना विद्यार्थीलाई प्रशिक्षण दिइने फाउन्डेशनका उपाध्यक्ष गहन खतिवडाले बताए । फाउन्डेशनले हेटौंडामा वैज्ञानिक एवम् प्रविधिमय वातावरण बनाउने उद्देश्यका साथ रोबोटिक्स, आर्टिफिसिएल इन्टेलिजेन्स, फ्युचर टेक्नोलोजी र एष्ट्रोनोमीमा केन्द्रित कार्यशाला गर्दै आएको छ । कार्यशालाबाट विद्यार्थीमा वैज्ञानिक सोच, रचनात्मक एवम् सकारात्मक चिन्तन र सृजनशील तथा नेतृत्व विकासलगायत क्षमताको विकासमा सहयोग पुग्ने अपेक्षा राखिएको महासचिव चिरन्जीवी लामिछानेले बताए ।

फाउण्डेशनले यसअघि फिजिक्स, फिजिक्स इन एक्सन, म्याथ इन एक्सन, चन्द्रमा अवलोकन, नोबेल विजेता वैज्ञानिकहरुले हस्ताक्षर गरेको टेलिस्कोपबाट सोलार अवलोकन, ब्ल्याक होल, बिग ब्याङ थेउरी, थेउरी अफ रिलेटिभिटी, (स्पेशल/जनरल) को बारेमा चर्चा परिचर्चा गरेको थियो । त्यस्तै इन्बेडेड सिस्टम तथा रोबोटिक्स अन्तर्गत सी प्रोग्रामिङ ल्याङ्वेज, अटो ट्राफिक लाइट सिस्टम, भूकम्प मापन सिस्टम, होम अटोमेसन सिस्टम, बेस्ट म्यानेजमेन्ट सिस्टम (स्मार्ट डस्टबिन) लगायतको विषयमा पनि सहभागी विद्यार्थीलाई प्रशिक्षण दिइसकेको महासचवि लामिछानेले बताए ।

फ्युचर टेक्नोलोजीतर्फ आर्टिफिसियल इन्टेलिजेन्स, क्लाउड कम्प्युटिङ, साइबर सेक्युरिटी, अगमेन्टेड रियालिटी, भर्चुअल रियालिटी र डेटा सेक्युरिटी लगायतको विषयमा प्रशिक्षण दिँदै आएको कोषाध्यक्ष आयुष बस्नेतले बताए ।

# वाटर फाउन्टेन पार्क हस्तान्तरण

साझाकुरा संवाददाता



हेटौंडा, १४ असार/ मनहरी बजारमा रहेको तत्कालीन रोटरी माध्यमिक विद्यालयलाई अन्यत्र सारेपछि निर्माण भएको रोटरी मार्केट (व्यवसायिक सटर) क्षेत्रमा वाटर फाउन्टेन पार्क निर्माण गरिएको छ ।

रोटरी क्लव अफ हेटौंडाले आन्तरिक कोष उपयोग गरी रोटरी मार्केट परिसरमा वाटर फाउन्टेन निर्माण गरी राष्ट्रिय रोटरी माध्यमिक विद्यालयलाई हस्तान्तरण गरेको हो । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको उपस्थितिमा रोटरीको डिस्ट्रिक्ट एजी सुरेश सिंह ठकुरीसहितका रोटरियनहरुले वाटर फाउन्टेनलाई राष्ट्रिय रोटरी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शालिकराम बानियाँ, प्रधानाध्यापक गोविन्द पौडेल लगायतलाई हस्तान्तरण गरेका थिए । कुल ९ लाख ७५ हजार रुपैयाँ लागतमा निर्माण भएको वाटर फाउन्टेन पार्कको हस्तान्तरणसँगै अब पार्कको संरक्षण, सञ्चालन र सम्वर्द्धनको जिम्मेवारी राष्ट्रिय रोटरी माध्यमिक विद्यालयको हुनेछ ।

विद्यालयसँगको समन्वयमा निर्माण गरिएको वाटर फाउन्टेनले राजमार्ग छेवैको मनहरी बजारको सौन्दर्यमा वृद्धि गरेको रोटरियन एवम् व्यवसायी बिदुर रिजालले बताए । वाटर फाउन्टेन पार्कको हस्तान्तरण कार्यक्रममा बोल्दै मनहरी गाउँपालिका अध्यक्ष कालाखेतीले रोटरी क्लबले समग्र रुपमा सामाजिक हितका लागि गरेका कामहरुको प्रशंसा गरे । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक पौडेल, रोटरीका डिस्ट्रिक्ट एजी ठकुरी, डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख विष्णुप्रसाद आचार्यलगायतले शुभकामना मन्तव्य व्यक्त गरे ।

रोटरी क्लव अफ हेटौंडाका अध्यक्ष सुशय पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा वाटर फाउन्टेनको निर्माण कार्यमा योगदान गरेका मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका निवर्तमान सभापति नारायण सुवेदीलाई धन्यवाद ज्ञापन गरिएको थियो । कार्यक्रममा जनप्रतिनिधिहरु, रोटरी क्लवका सदस्यहरु, समाजसेवी, खेलाडी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

# हेटौंडाकी नीरु 'मदन भण्डारी रुपान्तरण राष्ट्रिय नेतृत्व'बाट पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ हेटौंडा उपमहानगरपालिकाकी नीरुकुमारी मगर मदन भण्डारी फाउन्डेसनद्वारा स्थापित 'मदन भण्डारी रुपान्तरण राष्ट्रिय नेतृत्व'बाट पुरस्कृत भएकी छन् ।

जननेता मदन भण्डारीको ७२ औं जन्मजयन्तीका अवसरमा एक लाख राशीको पुरस्कार मकवानपुरको हेटौंडा -४ प्रतिभानगर निबासी मगरलाई प्रदान गरिएको हो ।

कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले यसवर्षको पुरस्कार मगरलाई हस्तान्तरण गरिन् । पुरस्कृत मगरले विगत ३१ वर्षदेखि खेलकुद विकासको विविध विधा र क्षेत्रमा संलग्न रही, कठिन पारिवारिक, आर्थिक, सामाजिक परिवेशका बाबजुद, आफ्नै प्रयत्नका आधारमा खेलप्रति लगनशील र निरन्तर समर्पित रहेर समाजमा विद्यमान खेलप्रतिको बुझाइ र महिला खेलाडीप्रतिको दृष्टिकोण परिवर्तन गर्न स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सफलताको मानक कायम गरी नयाँ पिँढीलाई प्रेरणाको स्रोतको रुपमा पहिचान बनाउँदै आएकी छन् ।

कार्यक्रममा मदन भण्डारी राष्ट्रिय पुरस्कारबाट सोलुखुम्बु सोलुदूधकुण्ड नगरपालिका-४ फाप्लु निवासी डा. मिङमार ग्याल्जेन शेर्पा पुरस्कृत भएका छन् ।

डा. शेर्पाले विगत ४५ वर्षदेखि स्वास्थ्यसेवाको क्षेत्रमा संलग्न रही देशका दुर्गम स्थानका गरिब, असहाय तथा सेवाको पहुँचबाट बञ्चित रहेको समुदायलाई आफ्नो सेवाको अधिकांश समय विशेषत: मातृ मृत्युदर घटाउन, आधारभूत स्वास्थ्यसेवाको सहज पहुँच उपलब्ध गराउन, ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम, दुर्गम जिल्लामा टेलिमेडिसिन सेवालगायतमा महत्वपूर्ण नेतृत्व गरेका छन् । पुरस्कारमा जनही एक लाख नगदसहित सम्मान पत्र रहेको छ ।

# जनआन्दोलनका घाइते तिवारीलाई सम्मान

साझाकुरा संवाददाता




हेटौंडा, १४ असार/ जनआन्दोलनका घाइते मकवानपुरका गोकर्ण तिवारीलाई मदन भण्डारी फाउण्डेसन मकवानपुरले सम्मान प्रदान गरेको छ ।

७२ औं मदन जयन्तीको अवसरमा बिहीवार हेटौंडाको शहिद स्मारकस्थित स्वर्गीय मदन भण्डारीको शालिकमा माल्यार्पण गर्दै श्रद्धासुमन प्रकट गरिएको थियो । सोही कार्यक्रमको अबसरमा तिवारीलाई सम्मान प्रदान गरिएको हो । कार्यक्रमको उद्घाटन् गर्दै फाउण्डेसनका केन्द्रीय सदस्य तथा बागमती प्रदेशका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले मदन भण्डारीले विश्वलाई नै तहल्का मच्चाउने गरी काम गरेको स्मरण गराए ।

कार्यक्रममा नेकपा एमालेका पोलिटब्युरो सदस्य देवी ज्ञवाली, केन्द्रीय सदस्य रामेश्वर राना, संविधानसभा सदस्य अनन्त पौडेल, बागमती प्रदेशसभा सदस्य तथा पूवमन्त्री एकालाल श्रेष्ठ, बद्रीप्रसाद लम्साल, श्रीधर पोखरेल लगायतकाको आतिथ्यता रहेको थियो । मदनभण्डारी फाउण्डेसन मकवानपुर अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको सप्ताहव्यापी कार्यक्रममा उत्कृष्ट भएकाहरुलाई पुरस्कार समेत वितरण गरिएको थियो ।

# इद पर्वबाट प्रेरणा मिल्ने: शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले बिहीबार मुस्लिम समुदायमा हर्षोल्लासपूर्वक मनाइँदै गरिएको बकर इद (इद उल अजाह) को सन्दर्भमा शुभकामना व्यक्त गरेका छन् ।

प्रमुख शर्माले आफ्नो शुभकामना सन्देशमा भनेका छन्, 'रमजान पर्वको ७० औं दिनमा मनाइने यसपर्वको सन्दर्भमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली मुसलमान दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं दिर्घायूका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।', हिजरी संवत अनुसार १४४० वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको विश्वास गरिन्छ ।

मुस्लिम समुदायको अत्यन्त ठूलो पर्वका रुपमा रहेको बकर इदमा रिस, राग र द्वेषलाई बिर्सेर एकआपसमा खुसी, सद्भाव तथा शुभभावना व्यक्त गर्ने गरिन्छ । प्रमुख शर्माले बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विविधताले भरिपूर्ण नेपाली समाजमा यस्ता चाडपर्वको माध्यमबाट विभिन्न जातजाति तथा समुदायको मौलिक संस्कृति र परम्पराको संरक्षण एवं सम्बर्द्धन हुन सघाउ पुग्दछ भन्ने आफूले विश्वास लिएको शुभकामना सन्देशमा उल्लेख गरेका छन् । जातीय, धार्मिक एवं सांस्कृतिक विविधताबीच हामीलाई आपसी सद्भाव, सहिष्णुता, मेलमिलाप र एकताको शुत्रमा बाँधी राख्न यस पर्वबाट प्रेरणा मिलोस भन्ने कामना शर्माको छ ।

# सामाजिक सुरक्षा भत्ता इएफटी गर्ने थाहा पहिलो




साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मकवानपुरको थाहा नगरपालिकाको सामाजिक सुरक्षा लाभग्राहीको भत्ता इएफटी गरी पठाउने भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले नमुनाको रुपमा देशभरका ७ सय ५३ मध्ये ५० वटा पालिकामा यो कार्य सुरु गरेसँगै थाहाले भत्ता अनलाईन भुक्तानी थालेको हो ।

चालु आर्थिक वर्षको अन्तिम त्रैमासिकको भत्ता इएफटी गरी पठाइने एमआइएस अपरेटर लक्ष्मण कँडेलले जानकारी दिए । 'इएफटीका लागि पालिकाका ४ हजार २ सय १५ लागग्राहीको तथ्याङ्क अद्यावधिक भैसकेको छ, हामी अब लाभग्राहीको खातामा भत्ता दाखिलाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध पठाउँछौं'-अपरेटर कँडेलले भने ।

थाहा नगरपालिकाको वडा नम्बर १ को ३ सय १३, वडा नम्बर २ को ४ सय ५०, वडा नम्बर ३ को ३ सय ५०, वडा नम्बर ४ को २ सय ७४, वडा नम्बर ५ को २ सय २१, वडा नम्बर ६ को ४ सय ७८, वडा नम्बर ७ को ४ सय ३६, वडा नम्बर ८ को ३ सय ६, वडा नम्बर ९ को ४ सय ४१, वडा नम्बर १० को ३ सय ५६, वडा नम्बर ११ को २ सय ६८ र वडा नम्बर १२ नम्बर वडाको ३ सय २२ जना लाभग्राहीको सामाजिक सुरक्षा भत्ता इफटीमार्फत वितरण हुने नगरपालिकाले जनाएको छ ।

बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये थाहा नगर सहित ११ स्थानीय तहले इएफटी मार्फत भत्ता वितरण गर्नका लागि छनोट भएका छन् । थाहा नगरपालिका यसअघि अनलाईन घटना दर्ता र पूर्णरुपमा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण शुभारम्भ गर्ने पालिकाको रुपमा राष्ट्रिय रुपमै सम्मानित भैसकेको पालिका हो । थाहानगरलाई वि.सं. २०७४ सालमा तत्कालीन पञ्जिकरण विभागले सम्मान गरेको थियो ।

# युवा संगठनद्वारा पारिजातपथका खाडल पुरियो



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी निकट युवा संगठन नेपाल मकवानपुरले हेटौंडामा सडकको खाडल पुर्ने काम गरेको छ । धेरै समय अघिदेखि सडकको कालोपत्रे उक्किएर भएको खाडल सम्बन्धित निकायले समयमै मर्मत नगरेकोले संगठनले आफ्नै योजनामा काम गरेको हो ।

हेटौंडा उपमहानगरपालिका-४, स्थित स्कुलरोड र शितलमहलचोक जोड्ने पारिजातपथ सडक खण्डमा लामो समय अघिदेखि कालोपत्रे उक्केर धेरै खाडल भएको थियो । जसको कारण सवारी दुर्घटना हुने, धुलो उड्ने तथा त्यस रोडमा कुद्ने सवारी साधनमा चाँडै टुटफुट आउने समस्या आइरहेको थियो ।

संगठनले सम्बन्धित निकायमा पटकपटक खबरदारी र ध्यानाकर्षण गराउँदा पनि समयमै ध्यानाकर्षण नभएकोले युवा संगठन नेपाल मकवानपुरले आफ्नै आयोजनामा खाडल पुर्ने काम गरेको हो । संगठनले स्कुलरोडदेखि शितलमहल चोकसम्म लगभग २ सयवटा खाडल पुरेको छ । संगठनले अघि सारेको सरसफाई अभियान अन्तर्गत बिहीवार यो कार्य गरेको हो ।

युवाले गरेको कार्य देखेर यात्रुले खुसी व्यक्त गर्दै सकारात्मक प्रतिक्रिया जनाएका छन् । सडकस्थित स्थानीयले पनि प्रशंसा गरेका छन् । राज्यले गर्नुपर्ने काम युवा संगठनले गरेको देख्दा अझ थप सामाजिक काम गर्दै अघि बढ्न प्रेरणा दिएको बताइएको छ । युवा संगठन नेपाल मकवानपुरका इन्चार्ज किरण सी, अध्यक्ष सुनिल सी लगायत डिसिएमहरु उपस्थित थिए । नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सदस्य कैलाश सी, रामजी सी, मोहन सी, अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य तथा नारायणी व्युरो इन्चार्ज विवेक सी, केन्द्रीय सदस्य तथा मकवानपुरका जिल्ला अध्यक्ष सूर्य सी सहित डिसिएमहरुको उपस्थित थिए ।

# प्रतिष्ठानलाई कमजोर बन्न दिन्न: मुख्यमन्त्री जम्कट्टेल



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कमजोर बन्न नदिने बताएका छन् ।

हेटौंडामा बिहीवार भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको तेस्रो वार्षिकोत्सवलाई सम्बोधन गर्दै जम्कट्टेलले हालको विवाद समाधान गर्नतर्फ जोड दिए । उनले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेशको गौरवको आयोजनाका रुपमा अगाडि बढाउने बताए । आफू कानूनमन्त्री भएको बेला कानून निर्माण गरेर प्रतिष्ठान गठन गरेको स्मरण गरे । संघीयता कार्यान्वयन गर्ने चरणमा प्रतिष्ठान निर्माण भएको बताउँदै उनले प्रतिष्ठानलाई कमजोर बन्न नदिने प्रतिवद्धता जनाए ।

कार्यक्रममा प्रतिष्ठानका संस्थापक कुलपति तथा पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले प्रतिष्ठानले सञ्चालन गरेको हेटौंडा अस्पताल अहिले जिल्लाको मात्र नभएर प्रदेशको गौरवको आयोजनाको रुपमा काम गरिरहेको बताए ।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले प्रदेश सरकारको गौरवको आयोजना अन्तर्गत अस्पताल रहेको बताएका छन् । प्रदेश राजधानी हेटौंडामा मेडिकल सिटीका रुपमा प्रतिष्ठान रहेको बताउँदै उनले भने, 'प्रतिष्ठानका लागि आवश्यक बजेट उपलब्ध गराउनका लागि प्रदेश सरकार तयार छ र प्रतिष्ठानका लागि छुट्टै अस्पताल खोल्नका लागि हामीहरु तयार छौं ।,'

प्रतिष्ठानले अहिलेसम्म गरेका काम, हेटौंडा अस्पतालमा तीन वर्षको अवधिमा ल्याउन सकिएको परिवर्तनका विषयमा प्रतिष्ठानका रजिष्टार राजेश प्रसाईले प्रस्तुतीकरण गरेका थिए । प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा. विश्वराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका सामाजिक विकासमन्त्री कुमारी मुक्तान, प्रदेश सभाका सदस्यहरु मधुसुधन पौडेल, रामेश्वर श्रेष्ठ, एकालाल श्रेष्ठ, प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानलगायतको आतिथ्यता थियो ।

# विद्युत समस्याको गुनासो लिन कल सेन्टर

साझाकुरा संवाददाता




हेटौंडा, १४ असार/ नेपाल विद्युत प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालय हेटौंडाले कल सेन्टर सञ्चालनमा ल्याएको छ ।

विद्युत सम्बन्धी सर्वसाधारणको गुनासो सुन्नका लागि कल सेन्टर सञ्चालनमा ल्याएको डिभिजन प्रमुख दीपेन्द्रराज द्विवेदीले बताए । विद्युत सम्बन्धी गुनासोका लागि ११५० डायल गरी ८ थिच्नुपर्ने हुन्छ । यस कल सेन्टरबाट प्रदेश डिभिजन कार्यालयअन्तर्गत पालुङ, हेटौंडा र सिन्धुली वितरण केन्द्रको उपभोक्ताले आफ्नो गुनासो टिपाउन सक्नेछन् । तत्काललाई कल सेन्टरमा ४ वटा फोन राखिएको छ । बिहान ९ देखि बेलुका ६ बजेसम्म सर्वसाधारणले कल सेन्टरमा फोन गर्न सक्ने डिभिजन प्रमुख द्विवेदीले बताए ।

'यसबाट विद्युत प्राधिकरणको नो लाइटको फोन उठेन भन्ने गुनासो हल हुनेछ', डिभिजन प्रमुख द्विवेदीका अनुसार 'अहिलेलाई बिहान ९ देखि साँझ ६ बजेसम्म फोन गर्न सकिनेछ । केही समयमा दैनिक १२ घन्टा सेवा दिने तयारीमा छौं ।', हेटौंडा वितरण केन्द्र प्रमुख नरेन्द्र श्रेष्ठले विद्युत अवरुद्ध हुनासाथ नो लाइटमा निरन्तर फोन आउने गरेको जानकारी दिँदै अब यो समस्या हल हुने विश्वास व्यक्त गरे ।

'लाइन जाने बित्तिकै नो लाइटको नम्बर निकै व्यस्त हुन्छ । त्यतिले मात्र नभएर कर्मचारीको नम्बरमा पनि उत्तिकै फोन आउँछ', श्रेष्ठले भने । 'हाम्रो कार्मचारीलाई फोन रिसिभ गर्न राख्ने कि फिल्डमा काम गर्न पठाउने भन्ने समस्या छ । अब यो समस्या केही हदसम्म समाधान हुनेछ ।',

प्राधिकरणका सूचना प्रविधि विभागका सुजन श्रेष्ठले एक महिनापछि बाँकी वितरण केन्द्रमा पनि यो सेवा सुरु गरिने जानकारी दिए । नेपाल विद्युत प्राधिकरण बागमती प्रदेश डिभिजन कार्यालय हेटौंडाले पालुङ, हेटौंडा र सिन्धुली वितरण केन्द्रअन्तर्गतका उपभोक्ताका लागि कल सेन्टर सञ्चालनमा ल्याएको हो ।

# ४६ दलित विद्यार्थीलाई छात्रवृत्ति, विपन्नलाई सहायता

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाले उच्च शिक्षा अध्यनरत् दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेको छ ।

पालिकाको सामाजिक विकास शाखाअन्तर्गत उक्त छात्रवृत्तिसँगै विपन्न दलित जिविकोपार्जन सहायता समेत १४ असारमा एक कार्यक्रमको आयोजना गरी वितरण गरेको हो । सामाजिक विकास समिति थाहा नगरपालिका संयोजक दिनेश बलको अध्यक्षतामा भएको छात्रवृत्ति वितरण कार्यक्रममा नगरभित्रका दश जोड दुई र स्नातक अध्ययन गर्ने ४६ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको सामाजिक बिकास शाखा प्रमुख अनिल लामिछानेले जानकारी दिए ।

प्रत्येक वडाबाट एक जनाको दरले १२ जना विपन्न दलितलाई जीविकोपार्जन सहायता समेत वितरण गरिएको उनले जानकारी दिए ।

दश जोड दुई अध्यनरत विद्यार्थीलाई ७ हजारका दरले र स्नातक अध्यनरत विद्यार्थीलाई १२ हजारका दरले नगद छात्रवृत्ति प्रदान गरिएको लामिछानेले जानकारी दिएका छन् ।

विपन्न दलितलाई १० हजारको दरले सहायता वितरण गरिएको लामिछानेले बताए । कार्यक्रममा थाहा नगरपालिकाका दलित महिला सदस्यहरु, कार्यपालिका सदस्य तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु तथा विपन्न दलित सहायता पाउनेहरुको उपस्थिति थियो ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना